सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३२३ ♦ २०८३ साल साउन २८ विहिवार ♦ 13 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# मनसुन कमजोर, मधेसमा गर्मीको कहर : ४१ डिग्री तापक्रमले तराई-मधेस बेहाल







**खबर दर्पण समाचारदाता**

**साउन २७ गते, बर्दिवास**

जनकपुरधाम सहित तराई-मधेसमा दैनिक गर्मी बढ्दै गएको छ। साउन चौथो साता सकिन लाग्दा पनि पानी पर्न नसक्दा गर्मी अत्यधिक बढेपछि जनजीवन प्रभावित भएको हो। जनकपुरधाम सहित तराई-मधेस क्षेत्रमा एक सातादेखि मध्याह्नपख अधिकतम तापक्रम ३८ देखि ४१ डिग्री सेल्सियसको हाराहारीमा पुग्न थालेको छ। सूर्योदय भएसँगै साँझसम्म नै एकनासले टन्टलापुर घाम लाग्दा अत्यधिक गर्मी भई जनजीवन प्रभावित बनेको हो। बेला-बेलामा सामान्य वर्षा भए पनि यस क्षेत्रमा गर्मी घट्न सकेको छैन। पानी परेर मौसम उघ्रिनासाथ गर्मी बढ्न थालेको छ। चर्को घामका कारण मध्याह्नमा घर बाहिर निस्कनै मुस्किल पर्ने गरेको स्थानीयले बताएका छन्।

अत्यन्त चर्को घाम र छहारीमा बस्दासमेत तर्तरी पसिना आउने प्रचण्ड गर्मीले सर्वसाधारणको दैनिक जीवन कष्टकर बन्दै गएको छ।

गर्मी महिना शुरु भएयता यस क्षेत्रमा अहिलेसम्म ठूलो मनसुनी झरी पर्न सकेको छैन। पानी नपर्नाले पनि आमनागरिकले उखरमाउलो गर्मीको नियति भोग्नु परेको हो।

जल तथा मौसम विज्ञापन कार्यालय जनकपुरको अनुसार मंगलवार देश कै सबैभन्दा बढी तापक्रम जनकपुरमा मापन गरिएको थियो। मौसम विज्ञापन कार्यालयका प्रमुख राजिव झाले मंगलवार जनकपुरधामको अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुगेको बताउनुभयो। उहाँले तापक्रम ४१ डिग्री सेल्सियस भएपनि महसुस लगभग ४८ डिग्री बराबर देखिएको थियो।

मधेसमा एक्कासी पानी पर्ने र पानी रोकिने बितिक्कै चर्को घाम लाग्ने कारण वास्पीकरण भएर पछिल्लो दुई दिन देखि अत्यधिक गर्मी भएको मौसम विज्ञापन कार्यालयका प्रमुख झाले बताउनुभयो। उहाँले मनसुन पूर्ण रुपमा सक्रिय नभएको हुँदा जुन मात्रामा पानी पर्नु नपरेको कारण गर्मी बढेको र यो आउने दुई दिन सम्म अझ यस्तै रहने मनुमान गरिएको बताउनुभयो। उहाँले आज बुधवार पनि जनकपुरको ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्ने अवस्था देखिएको बताउनुभयो।

वातावरण विज्ञ अशोक यादवको अनुसार तराई मधेस क्षेत्रमा केही दिनयता 'लु' अर्थात् तातो हावाको प्रभाव बढिरहेको बताउनुभयो। विशेषगरी मधेस प्रदेशका जिल्लाहरुमा अहिले 'लु' चलेको छ। उहाँको अनुसार सरकारले तोकेका दुई वा दुईभन्दा बढी मौसम मापन केन्द्रमा लगातार दुई दिनभन्दा बढी ४० डिग्री सेल्सियस वा सोभन्दामाथि तापक्रम पुगेको अवस्थालाई 'लु' भनिन्छ। अहिले तराईका धेरै मौसम केन्द्रमा तापक्रम ४० डिग्री नाघेकाले लुको अवस्था पुष्टि भएको यादवको भनाइ छ। उहाँले यो अवस्था तीन-चार दिनअघिदेखि सुरु भएको शुक्रबारसम्म रहने बताउनुभयो।

गर्मी बढेसँगै यहाँस्थित सरकारी तथा गैरसरकारी कार्यालयमा सेवाग्राहीको उपस्थितिसमेत पातलिएको छ भने बजार चहलपहल छैन।

पर्याप्त मनसुन नपरेका कारण जिल्लामा लगाइएको धान बालीमा असर परेर सुक्न थालेको किसानहरु बताउँछन्। धनुषा जिल्ला कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार नहर, कुलो र बोरिङ लाग्ने खेतमा मात्र रोपाइँ सम्पन्न भए पनि बाँकी खेतमा अझै रोपाइँ हुन सकेको छैन भने अहिले प्रयाप्त पानी नपर्दा लगाएको धानहरु सुक्ने अवस्थामा पुगेको छ।

गर्मीका कारण घाउ, खटिरा, आउँ, टाइफाइड ज्वरो, झाडापखालालगायत सरुवा रोगका बिरामीको चाप पनि स्थानीय अस्पताल तथा स्वास्थ्य संस्थामा बढ्न थालेको चिकित्सक बताउँछन्। गर्मीले विद्यालय जानुपर्ने स-साना बालबालिकासँगै वृद्धवृद्धा, अशक्त, किसान र मजदुर बढी प्रभावित भइरहेका छन्।

प्रादेशिक अस्पताल जनकपुरधामका डा. केडी दासका अनुसार अहिले दैनिक भाइरल ज्वरो, टाइफाइड, निमोनियाका बिरामी बढेका छन्। पसिना अत्यधिक आउने र पर्याप्त पानी सेवन नगर्दा डिहाइड्रेसनका बिरामी बढेका डा दासको भनाइ छ।

डा. दासले भन्नुभयो, "गर्मी बढेसँगै धनुषामा 'हिट स्ट्रोक' अर्थात् 'लू' लाग्ने जोखिमसमेत बढ्दै गएको छ।" दिउँसोको समयमा तापक्रम उच्च भएका बेला चल्ने गरम हावाले दैनिक ज्यालादारी तथा कडा श्रम गर्ने व्यक्तिलाई लु लाग्ने जोखिम बढेको डा। दासको भनाइ छ। बढ्दो गर्मीबाट जोगिन फलफूलको जुस, पानीलगायतका तरल पर्दाथको सेवनलाई बढाउनुका साथै काम नभए दिउँसोको समयमा घर बाहिर नस्किन उहाँले सर्वसाधारणलाई सुझाव दिनुभयो।

## विद्युत् आपूर्तिमा चाप

अत्यधिक गर्मीसँगै विद्युत् खपत बढेपछि मधेशका विभिन्न स्थानमा विद्युत् आउने-जाने समस्या पनि देखिएको छ। पंखा,

*बाँकी पृष्ठ ३ मा*



# ग्यास अभावले बर्दिबासका होटल व्यवसायी समस्यामा

**खबर दर्पण समाचारदाता**
**साउन २७ गते, बर्दिवास**

खाना पकाउने एलपी ग्यासको आपूर्ति मागअनुसार हुन नसक्दा महोत्तरीको बर्दिबासका होटल तथा रेस्टुरेन्ट व्यवसायी समस्यामा परेका छन्। ग्यासका लागि लामो समय कुर्नुपर्ने र आवश्यकताअनुसार सिलिन्डर उपलब्ध नहुँदा होटल सञ्चालनमै कठिनाइ हुन थालेको व्यवसायीको गुनासो छ ।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अनुसार बर्दिबास उद्योग वाणिज्य संघमा साना-ठूला गरी करिब २६० होटल दर्ता छन्। ती होटलमा दैनिक एक सयभन्दा बढी सिलिन्डर ग्यास खपत हुने गरेको छ। तर, पछिल्लो समय मागअनुसार ग्यास उपलब्ध नहुँदा व्यवसायीले समस्या भोग्नुपरेको संघले जनाएको छ ।

संघका अध्यक्ष गुञ्ज कार्की (गोपाल) का अनुसार ग्यास खपतका आधारमा बर्दिबासका होटललाई तीन वर्गमा विभाजन गर्न सकिन्छ । पहिलो वर्गमा रहेका करिब १० होटललाई दैनिक ५० सिलिन्डर, दोस्रो वर्गका करिब २० होटललाई दैनिक २० सिलिन्डर आवश्यक पर्छ। अन्य होटलका लागि समेत साप्ताहिक रूपमा करिब १२० भन्दा बढी सिलिन्डर आवश्यक पर्ने उहाँले बताउनुभयो ।

“बर्दिबासमा होटल व्यवसाय सञ्चालनका लागि साप्ताहिक औसत सात सय सिलिन्डर ग्यास आवश्यक पर्छ । मागअनुसार आपूर्ति नहुँदा खोजेको बेला ग्यास पाउनै कठिन भएको छ,” उहाँले भन्नुभयो ।

बर्दिबास-३ गौरीडाँडास्थित खुकुरी होटलका सञ्चालक विनोद थापाले ग्यास अभावले व्यवसाय सञ्चालनमा थप चुनौती थपिएको बताउनुभयो। प्राकृतिक विपत्ति, आन्दोलन, बन्द-हडताल र बढ्दो महँगीका कारण पहिले नै समस्यामा रहेको होटल व्यवसाय ग्यास अभावका कारण झन् प्रभावित भएको उहाँको भनाइ छ ।

“मेरो होटलमा दैनिक एकदेखि डेढ सिलिन्डर आवश्यक पर्छ। तर छिटोमा तीन दिनमा एउटा सिलिन्डर पाउने अवस्था छ,” उहाँले भन्नुभयो, “व्यवसाय चलाउने कि ग्यासकै खोजीमा समय र श्रम खर्च गर्ने भन्ने अवस्था आएको छ ।”

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका महासचिव नारायण घिमिरेले ग्यास अभाव तत्काल समाधान हुनुको सट्टा बढ्दै जानु चिन्ताको विषय भएको बताउनुभयो । साउन र वर्षायामका कारण होटल व्यवसायका लागि अहिले अफ सिजन भए पनि इन्धनको अभाव देखिनु गम्भीर भएको उहाँको भनाइ छ ।

“अहिलेसम्म चुल्हो नै बन्द हुने अवस्था आएको छैन । तर व्यवसायीमा ग्यास नपाइने हो कि भन्ने त्रास बढेको छ,” उहाँले भन्नुभयो, “अभाव लम्बिँदै गए ग्यासको विकल्प के हुने भन्ने पनि स्पष्ट छैन ।”

व्यवसायीले विद्युतीय चुल्हो प्रयोग गर्न सकिने भए पनि बर्दिबासमा विद्युत् आपूर्ति नियमित नहुँदा त्यसमा पूर्ण रूपमा निर्भर हुन नसकिने बताएका छन्। बर्दिबास वितरण केन्द्रबाट हुने अनियमित विद्युत् आपूर्ति, भोल्टेजको समस्या र अघोषित लोडसेडिङका कारण विद्युतीय उपकरण प्रयोग जोखिमपूर्ण हुने उनीहरूको भनाइ छ ।

यता, बर्दिबासका ग्यास डिलरले भने होटल व्यवसायीलाई लक्षित गरी ग्यास वितरणमा कुनै रोक वा पक्षपात नगरेको बताएका छन् । माग र आपूर्तिबीच सन्तुलन नमिल्दा सबै उपभोक्तालाई आवश्यकताअनुसार ग्यास उपलब्ध गराउन कठिन भएको उनीहरूको भनाइ छ ।



बर्दिबासस्थित सुपर ग्यासका डिलर रोशन श्रेष्ठ र नेपाल ग्यासका डिलर विनोद बस्नेतले बुकिङका आधारमा पालैपालो ग्यास वितरण गर्दै आएको बताउनुभयो । माग गरेलगत्तै सिलिन्डर उपलब्ध नहुनु अहिलेको आपूर्ति अवस्थाका कारण भएको उहाँहरूको भनाइ छ ।

“ग्यासको माग सुरसाको मुखझैँ बढिरहेको छ । जति वितरण गरे पनि लाइन उस्तै हुन्छ,” डिलर बस्नेतले भन्नुभयो, “बुधबार मात्रै मेरो डिपोमा दुई सय जनाले बुकिङ गराएका थिए । ग्यास कहिले आउने निश्चित हुँदैन । आएको केही समयमै सकिन्छ ।”

व्यवसायी र डिलर दुवै पक्षले आपूर्ति प्रणाली सहज बनाउन सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने बताएका छन् । लामो समयसम्म ग्यास अभाव कायम रहे होटल तथा रेस्टुरेन्ट व्यवसाय मात्र नभई सर्वसाधारण उपभोक्तासमेत प्रत्यक्ष प्रभावित हुने उनीहरूको भनाइ छ ।

**इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं**

- ❖ इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- ❖ निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- ❖ बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- ❖ धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- ❖ इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- ❖ परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

स्वास्थ्य कार्यालय धनुषा, जनकपुरधाम

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- ❖ लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

- ❖ घर वरिपरि पानी जम्न नदिऔं,
- ❖ घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- ❖ गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- ❖ शरिर ढाक्ने कपडा लगाऔं,
- ❖ सुत्दा झुल टाँगेर मात्र सुतौं,
- ❖ झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय सपही
धनुषा,मधेश प्रदेश

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मनसुन कमजोर, मधेसमा.....




कुलर, फ्रिज, पानी तान्ने मोटर लगायत विद्युतीय उपकरणको प्रयोग बढेपछि प्रणालीमा चाप परेको स्थानीय बताउँछन्।

केही दिनयता पटकपटक विद्युत् अवरुद्ध हुँदा गर्मीको समयमा सर्वसाधारण थप समस्यामा परेका छन्। कतिपय स्थानमा राति लामो समयसम्म विद्युत् अवरुद्ध हुँदा सुत्नसमेत कठिन भएको स्थानीयको गुनासो छ। हरेक वर्ष गर्मीको समयमा विद्युत् खपत बढ्ने भए पनि त्यसअनुसार पूर्वतयारी नगरिएको भन्दै स्थानीयले नेपाल विद्युत् प्राधिकरणप्रति असन्तुष्टि जनाएका छन्।

दिउँसोको चर्को गर्मी छल्न सर्वसाधारण साँझपख मात्र घर बाहिर निस्कने गरेका छन्। पार्क, जलाधार क्षेत्र, खुला स्थान तथा स्वीमिङ पुलतर्फ मानिसको आकर्षण बढेको छ।

## गर्मीबाट कसरी जोगिने ?

स्वास्थ्यकर्मी तथा मौसमविद्ले अत्यधिक गर्मीका बेला सकेसम्म दिउँसो घरबाहिर ननिस्कन, प्रशस्त पानी तथा फलफूलको रस पिउन र अत्यधिक पसिना आएमा जीवनजल सेवन गर्न सुझाव दिएका छन्। बाहिर निस्कनै परे छाता प्रयोग गर्ने, टाउको छोप्ने र शरीरलाई सकेसम्म चिसो राख्ने उपाय अपनाउन उनीहरूको सुझाव छ।

खेतबारीमा काम गर्नेले बिहान वा साँझको समय रोज्नुपर्ने, मदिरा सेवन नगर्ने तथा चिया, कफी र सोडाजस्ता क्याफिनयुक्त पेय पदार्थको अत्यधिक सेवन नगर्न स्वास्थ्यकर्मीले सुझाएका छन्। चिनी बढी भएका पेय पदार्थको सट्टा पानी तथा प्राकृतिक झोल पदार्थ सेवन गर्नसमेत उनीहरूको आग्रह छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार अत्यधिक गर्मीका कारण सिर्जना हुने मौसमी अवस्थालाई तातो हावाको लहर अर्थात् 'लु' भनिन्छ। तापक्रमको अवस्था, अवधि र विगतको औसत तापक्रमसँगको तुलना गरी तातो दिन तथा तातो हावाको लहर वर्गीकरण गर्ने गरिन्छ। लगातार तातो दिनको अवस्था रहँदा यसको प्रभाव मानव स्वास्थ्य, कृषि, पशुपन्छी तथा दैनिक जनजीवनमा समेत पर्न सक्छ। पर्याप्त मनसुनी वर्षा नहुँदा एकातिर कृषि क्षेत्र प्रभावित भइरहेका बेला अर्कोतर्फ चर्को गर्मीले जनजीवनसमेत कष्टकर बनेपछि तराई-मधेसका बासिन्दा वर्षा पर्खिरहेका छन्।


### सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- ❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- ❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**


# मिटरब्याज मुद्दाको बहस चलिरहेका बेला धनुषा अदालतअगाडि प्रदर्शन

खबर दर्पण समाचारदाता

**साउन २७ गते, बर्दिवास**

मिटरब्याजसम्बन्धी मुद्दाको थुनछेक बहस चलिरहेका बेला धनुषा जिल्ला अदालतअगाडि मिटरब्याजपीडितले प्रदर्शन गरेका छन्। प्रदर्शनका क्रममा एक महिलाले आफ्नो शरीरमा पेट्रोलजस्तो पदार्थ खन्याएपछि अदालत परिसरमा केहीबेर तनावको अवस्था सिर्जना भएको छ।

जनकपुरधाम उपमहानगरपालिका-३ की करिब ५५ वर्षीया फूलकुमारी रजकले मगबाट पेट्रोलजस्तो पदार्थ आफ्नो शरीरमा खन्याएको जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेले जानकारी दिनुभयो। अदालत प्रवेश गर्न खोजिरहेका प्रदर्शनकारीलाई प्रहरीले रोक्ने क्रममा रजकले आफ्नो शरीरमा पेट्रोलजस्तो पदार्थ खन्याएको उहाँले बताउनुभयो। प्रहरीले तत्कालै उनलाई नियन्त्रणमा लिएपछि सम्भावित अप्रिय घटना हुनबाट रोकिएको प्रहरीले जनाएको छ।

घटनापछि जिल्ला अदालत परिसरको सुरक्षा व्यवस्था थप कडा पारिएको छ। रजकले मगबाट पेट्रोलजस्तो पदार्थ आफ्नो शरीरमा खन्याउँदै गरेको भिडियोसमेत सामाजिक सञ्जालमा सार्वजनिक भएको छ।

प्रनाउ न्यौपानेका अनुसार बुधबार जिल्ला अदालत धनुषामा मिटरब्याजसम्बन्धी मुद्दामा हरेराम साह र गोपाल साहको थुनछेक बहस चलिरहेको थियो। सोही क्रममा मिटरब्याजपीडितहरू अदालतअगाडि भेला भएर प्रदर्शनमा उत्रिएका थिए।

मिटरब्याजविरुद्धको अभियानमा सक्रिय निर्ग नवीनले पनि घटनाबारे जानकारी पाएपछि पीडितसँग सम्पर्कमा पुगेको बताउनुभयो। उहाँले घटनाबारे विस्तृत विवरण बुझ्ने काम भइरहेको जानकारी दिनुभयो।

यसअघि मिटरब्याजपीडित र सरकारबीच साउन १ गते नौबुँदे सहमति भएको थियो। न्यायको माग गर्दै जनकपुरधामबाट काठमाडौँसम्म पैदलयात्रामा निस्किएका मिटरब्याजपीडितसँग वार्ता गर्न तत्कालीन गृहमन्त्री सुधन गुरुङ काठमाडौँबाट निजगढ पुग्नुभएको थियो। निजगढमा प्रारम्भिक वार्ता भएपछि पीडित प्रतिनिधि र सरकारबीच काठमाडौँमा थप छलफल भएको थियो।

सिंहदरबारमा भएको वार्तापछि पीडितका माग सम्बोधन गर्ने विषयमा नौबुँदे सहमति भएको थियो। सहमति कार्यान्वयन र अदालतमा विचाराधीन मुद्दाको न्यायिक प्रक्रियालाई लिएर पीडितहरू पुनः दबाबमूलक आन्दोलनमा उत्रिएका हुन्।


### सर्पको टोकाइबाट बचौं र बचाऔं

- ❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- ❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❖ झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- ❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- ❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- ❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- ❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**





# बर्दिबासका गरिब विद्यार्थीको पढाइमा साथ दिँदै पदम-शम्सेर खड्का प्रतिष्ठान




**खबर दर्पण समाचारदाता**

**साउन २७ गते, बर्दिवास**

आर्थिक अभावका कारण अध्ययनमा समस्या भोगिरहेका बर्दिबासका विद्यार्थीलाई लक्षित गरी सुरु गरिएको पदम-शम्सेर खड्का स्मृति प्रतिष्ठानको छात्रवृत्ति कार्यक्रमले निरन्तरता पाएको छ ।

२०७७ सालमा स्थापना भएको प्रतिष्ठानले त्यसयता बर्दिबास नगर क्षेत्रका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ। हालसम्म ५८ जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरी आफ्नो अध्ययनलाई अघि बढाइसकेका छन् ।

प्रतिष्ठानले यस वर्ष पनि सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति उपलब्ध गराउने भएको छ ।

भदौ ३१ गतेसम्म आवेदन दिन सकिनेछ । छात्रवृत्तिका लागि निर्धारित मापदण्ड पूरा गर्नुपर्नेछ । छनोट भएका विद्यार्थीमध्ये उत्कृष्ट दुई जेहेन्दारलाई थप छात्रवृत्ति प्रदान गरिने प्रतिष्ठानले जनाएको छ ।

अध्यक्ष विष्णु खड्काले शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रमलाई निरन्तरता दिइएको बताए ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस् !**
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन !"

# स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँसहित एक जना पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन २७ गते, बर्दिवास**

सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-२ स्थित राजदेवी मन्दिर अगाडिबाट स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले भेल्हीबाट बयलबासतर्फ जाँदै गरेको ज १० प ८६५२ नम्बरको स्कुटरलाई रोकेर जाँच गर्ने क्रममा उक्त रकम बरामद गरेको हो। स्कुटरको डिकी, अगाडिको खुट्टा राख्ने भाग (फुटबोर्ड) तथा बोकी ल्याएको कालो झोलाभित्र लुकाइछिपाइ राखिएको अवस्थामा स्रोत नखुलेको नेपाली रुपैयाँ ५१ लाख ३४ हजार बरामद गरिएको प्रहरीले जनाएको छ।

बरामद रकममा एक हजार रुपैयाँ दरका तीन हजार ५०० थान, पाँच सय रुपैयाँ दरका तीन हजार १०८ थान, एक सय रुपैयाँ दरका सात सय थान र ५० रुपैयाँ दरका दुई सय थान नोट रहेका छन्।

नियन्त्रणमा लिने क्रममा स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा चालक महोत्तरीको गौशाला नगरपालिका-१२ बस्ने ५७ वर्षीय जगन्नाथ महतो कोइरी घाइते हुनुभएको छ। उहाँको प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य उपचारपछि थप उपचारका लागि म्याक्स अस्पताल मलङ्गवा लगिएको र हाल अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

निजलाई नियन्त्रणमा लिने क्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी सहायक हवल्दार राजेशकुमार यादव र प्रहरी जवान रामचन्द्र यादवसमेत सामान्य घाइते हुनुभएको थियो। उहाँहरू प्रादेशिक अस्पताल मलङ्गवामा उपचारपछि डिस्चार्ज भइसक्नुभएको छ।

बरामद रकम, स्कुटर र पक्राउ परेका कोइरीलाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

## कार्यालयको सूचना

कम्पनी ऐन २०६३ बमोजिम यस कार्यालयमा मिति २०७५-०९-२५ मा दर्ता भएको प्रा.लि.नं. २०६३५० को बाह्रदेउ केदार बाईसधारा यातायात नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाबीको लागि ३० दिन भित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**भू-संरक्षणमा ध्यान दिऔं**

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

**मिथिला नगरपालिका, धनुषा**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,